**नेपाल सरकार**

## ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य सम्बन्धी सूचना

*(प्रकाशित मिति: २०८३/०१/०७)*

आर्थिक वर्ष २०८२/०८३ मा यस केन्द्रबाट प्रवर्द्धन गरिने **सौर्य सिंचाइ प्रणाली** जडानको सन्दर्भ मूल्य तपसिल बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### सौर्य सिंचाइ प्रणाली

- ***ईलेक्ट्रोमेकानिकल कम्पोनेन्टः सौर्य पाता, Mounting structure, पम्प , कन्ट्रोलर सिस्टम , तार ,घेरा वार लगायत Lighting- Earthing and Grounding तथा आवश्यक सामानहरु***

| क. सं. | सौर्य सिंचाइ प्रणालीको विवरण | "क"वर्ग | "ख"वर्ग | "ग"वर्ग |
|---|---|---|---|---|
| १ | Supply, delivery, installation, commissioning, and after-sales service of a Solar PV water pumping system with minimum 1,300 Wp Solar PV module capacity, 1 HP pump capacity, and discharge of 70,000 liters per day at a minimum 7-meter head or higher (Pump Type: DC Surface or Submersible) | ३३३,७५३।२६ | ३३१,२५३।२६ | ३२८,७५३।२६ |
| २ | Supply, delivery, installation, commissioning, and after-sales service of a Solar PV water pumping system with minimum 2,100 Wp Solar PV module capacity, 2 HP pump capacity, and discharge of 70,000 liters per day at a minimum 10-meter head or higher (Pump Type: DC Surface or Submersible) | ४८४,९०८।८५ | ४८१,६३२।७८ | ४७७,३६०।६५ |
| ३ | Supply, delivery, installation, commissioning, and after-sales service of a Solar PV water pumping system with minimum 2,500 Wp Solar PV module capacity, 2 HP pump capacity, and discharge of 70,000 liters per day at a minimum 20-meter head or higher (Pump Type: DC Submersible) | ५०३,३१५।१५ | ५००,०३९।०८ | ४९५,७६६।९५ |
| ४ | Supply, delivery, installation, commissioning, and after-sales service of a Solar PV water pumping system with minimum 3,700 Wp Solar PV module capacity, 3 HP pump capacity, and discharge of 100,000 liters per day at a minimum 20-meter head or higher (Pump Type: DC Submersible) | ६५४,४९८।४५ | ६५१,३९३।५० | ६४८,६०५।०० |

### द्रष्टव्य :

- उल्लिखित सन्दर्भ मूल्य सूचना प्रथम पटक प्रकाशित भएको मितिबाट कार्यान्वयनमा आउने छ ।
- उल्लिखित मूल्य केन्द्रले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ बमोजिम सम्वन्धित ऊर्जा प्रविधिको लागि अनुदान प्रवाह गर्ने प्रयोजनको लागि सन्दर्भ मूल्यको रुपमा मात्र लागू हुनेछ र यो मूल्यलाई अधिकतम मुल्य सर्न्दभका रुपमा लिइनेछ ।
- उल्लिखित सन्दर्भ मूल्यमा प्रचलित कानुन अनुसार लाग्ने सम्पूर्ण कर समेत समावेश गरिएको छ ।
- यो सन्दर्भ मूल्य एउटा व्यक्ति वा संस्थाले एक पटकमा एउटा प्रणाली वा प्रविधि खरिद एवं जडान/निर्माण गर्ने अवस्थाको लागि आधार मानी तयार गरिएको छ ।

- उपभोक्ताले मान्यता प्राप्त कम्पनी मार्फत नवीकरणीय ऊर्जा प्रविधिहरु खरिद तथा जडान गर्दा खरिद एवं जडान/निर्माणको कूल मूल्य उल्लिखित सन्दर्भ मूल्य वा सो भन्दा कम मूल्यमा लिने दिने प्रयोजनको लागि कायम गरिएको छ।
- अनुदान भुक्तानी हुँदा बढीमा यसै सन्दर्भ मूल्य अनुसार र घटी भएमा वास्तविक मूल्यमा अनुदान उपलब्ध हुनेछ।
- उल्लिखित सन्दर्भ मूल्य केन्द्रबाट परिमार्जन नभए सम्मका लागि कायम रहनेछ।
- बजारको अवस्था अनुसार ऊर्जा प्रविधिको मूल्यमा आकस्मिक गिरावट आएको पाईएमा केन्द्रले तत्कालै पुनरावलोकन गरी अर्को मूल्य सार्वजानिक गर्न सक्नेछ।
- कुनै कारण जनाई वा नजनाई सन्दर्भ मूल्य हेरफेर गर्ने पुर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ।
- बोलपत्र वा अन्य खरिद प्रक्रिया अन्तर्गत गरिने खरिद तथा जडानको हकमा लागत अनुमान तयार गर्दा सोही खरिद प्रक्रिया बमोजिम कायम भएको मूल्यलाई आधार मानिने छ।
- माथि उल्लिखित प्रविधि तथा मोडल बाहेक अन्यको हकमा मूल्य निर्धारणको लागि जुनसुकै समयमा पनि निर्धारित ढाँचामा केन्द्रमा निवेदन दिन सकिनेछ र सोको ढाँचा केन्द्रको website www.aepc.gov.np मा उपलब्ध हुनेछ।